# अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयन कार्ययोजना

मस्यौदा-सुझावको लागि

**शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय**

**सिंहदरवार काठमाडौं**

**२०८१**

# अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्ययोजना
# २०८१

## १. सन्दर्भ

शिक्षा प्राप्त गर्नु व्यक्तिको मौलिक तथा नैसर्गिक अधिकार हो। शिक्षा अधिकारमा आधारित हुनुपर्दछ। अधिकारमा आधारित शिक्षाको अवधारणाले सबैका लागि, सबै किसिम र सबै तहको शिक्षा सधैंभर जुनसुकै अवस्थामा पनि उपलब्ध हुनुपर्छ भन्ने मान्यता राख्दछ। २०७८ सालको जनगणनाको प्रतिवेदन अनुसार देशभर आधारभुत शिक्षा उमेर (५-१२ वर्ष उमेर) को कुल जनसङ्ख्या ४५,११,२३० रहेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पछिल्लो तथ्याङ्क अनुसार आधारभुत शिक्षा उमेर (५-१२ वर्ष उमेर) समुहका अझैपनि २,१३,०७२ बालबालिका विद्यालय भन्दा बाहिर रहेका छन भने औषतमा आधारमुत तहमा झण्डै ३ प्रतिसत बालबालिकाहरूले विद्यालय छाड्छन् । तसर्थ अधिकारमा आधारित शिक्षाको अवधारणालाई कार्यान्वयनमा लैजान तथा सबैका लागि अनिवार्य आधारभुत शिक्षाको सुनिश्चितता गर्न प्रचलित संवैधानिक व्यवस्था, कानूनले दिशा निर्देश गरेको समय सीमा र संस्थागत तथा व्यवस्थापकीय पक्षहरूलाई समेत दृष्टिगत गरी यो **"अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्ययोजना २०८१"** तयार पारिएको छ।

## २. संबैधानिक एवम् कानूनी व्यवस्था

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्वन्धी हक उपधारा १ मा प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक तथा उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यवाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनिएको छ। संविधानले प्रत्याभूत गरेको उक्त मौलिक हकको कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन २०७५, र अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी नियमावली, २०७७ जारी भएका छन्।

त्यसैगरी, अनिवार्य तथा निशुल्क शिक्षा ऐनको दफा ६ ले ४ वर्ष उमेर पुगेका र १३ वर्ष पुरा नभएका प्रत्येक बालबालिकालाइ आधारभुत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने र दफा ४ ले अनिवार्य शिक्षाका लागि आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेगरी तोकिएको छ। यसका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन २०७५ को दफा १९ ले वि.स. २०८५ बैशाख १ गतेपछि आधारभुत शिक्षा प्राप्त नगरेको नागरिक कुनै सरकारी सेवा वा सरकारको पूर्ण वा आंशिक स्वामित्व रहेका कुनै संस्थाको सेवामा प्रवेश गर्न वा निजी क्षेत्रमा स्थापित कुनैपनि संस्थामा कुनैपनि पदमा निर्वाचित,नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न, कुनै पदमा सेवा गर्न, कुनै पनि कम्पनी फर्म, सहकारी संस्था वा गैर सरकारी संस्थाको संस्थापन गर्न वा त्यस्तो संस्थाको संस्थापक शेयरधनी, सञ्चालक वा सदस्य वा कुनै पदाधिकारी हुन योग्य नहुने व्यवस्था गरेको छ। यो ऐन कार्यान्वयन गर्नका लागि नेपाल सरकारले ऐनको दफा ४० ले दिएको अधिकार प्रयोग गरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली २०७७ जारी गरेको छ । उक्त

नियमावलीको नियम ५ मा सार्वजनिक विद्यालयले विद्यार्थी वा अभिभावकबाट विद्यार्थी भर्ना शुल्क,मासिक पढाई शुल्क, परीक्षा शुल्क र पाठ्यपुस्तक बापतको रकम लिन नपाउने व्यवस्था गरिएको छ।

## ३. कार्ययोजनाको उद्देश्यः

यस कार्य योजनाको मुख्य उद्देश्य कानूनले तोके बमोजिमको अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु हो। यसका लागिः

क. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको खाका तयार गर्नु,
ख. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको लागि समन्वय र सहजीकरण गर्नु,
ग. विभिन्न निकायको कार्य जिम्मेवारी निर्धारण गर्नु
घ. कार्यान्वयनको अनुगमनको लागि सूचक तयार गर्नु।

## ४. कार्यान्वयनको प्रमुख रणनीति

अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयको लागि अवलम्वन गरिने प्रमुख रणनीतिहरू देहाय अनुसार हुनेछः

१) **समुदाय तहमा विवरण तयार गर्नेः** प्रत्येक स्थानीय तहभित्रका बालबालिकाको आधारभुत शिक्षासम्मको पहुँचको अवस्था (कति वालवालिका विद्यालय पद्दतिमा आएका छन र कति वाहिर छन?) कस्तो छ सो सम्वन्धी विवरण ऐनको दफा १८, दफा ३७ र नियमावलीको नियम १० ले तोकेको कुरालाई आधार मानी तयार गर्ने ।

२) **विद्यालय नक्शाङ्कन गर्नेः** समुदाय तहमा संकलन गरेको विवरणका आधारमा विद्यालय नक्साङ्कन गर्ने। विद्यालय नक्शाङ्कन गर्दा आवश्यकताको आधारमा नयाँ विद्यालय स्थापना, थप पूर्वाधार विकास, विद्यालय अपग्रेड वा समायोजन गर्नुपर्ने भएमा कुनै स्थान विशेषमा समायोजन गर्ने, भौगोलिक विकटताका कारण विद्यालय अपायक परेका कारण नयाँ विद्यालय खोल्नुपर्ने वा अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन २०७५ को दफा १४, दफा १५ र दफा १६ बमोजिम वैकल्पिक शिक्षा, अनौपचारिक तथा खुला सिकाइ एवम् परम्परागत शिक्षाको व्यवस्था गर्ने ।

३) **विद्यालयको सेवा क्षेत्र तोक्नेः** स्थानीय तहले सबै वडाका जनप्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा सरोकारवालाको उपस्थितिमा विद्यालयमा कुनैपनि बालबालिका नछुटनेगरी विद्यालय नक्साङ्कन र सेवाक्षेत्र तोक्ने।

४) **बैकल्पिक शिक्षाको व्यवस्था मिलाउनेः** स्थानीय तह भित्र विभिन्न कारणले विद्यालयमा भर्ना भै पुरा समय विद्यालयमा अध्ययन गरी आधारभुत तहको शिक्षा प्राप्त गर्न नसक्ने बालबालिकालाई आधारभुत तह सम्म विभिन्न बैकल्पिक माध्यमवाट शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउने।

५) **शिक्षा योजना निर्माण गर्नेः** स्थानीय तहले शिक्षा क्षेत्रमा समतामूलक पहुँच, समता, सहभागिता, गुणस्तर, समावेशिता जस्ता पक्षलाई समेटी शिक्षा योजना वनाउन, अद्यावधिक गर्ने र कार्यान्वयन गर्न अन्तर सरकारी समन्वय ऐनले व्यवस्था गरेको विषयगत समन्वय समितिलाई क्रियाशील वनाउने।

६) **कार्यविधि तर्जुमा गर्नेः** अनिवार्य तथा निःशुल्क शिक्षा सञ्चालनका लागि आवश्यक पूर्व शर्त/आधार सहित कार्यविधि तर्जुमा गर्ने।

मस्यौदाः सुझावको लागि

७) **साझेदारीको ढाँचा र शिक्षा कोषको स्थापना गर्नेः** अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनका लागि तीनै तहको लागत साझेदारीको ढाँचा निर्माण गर्ने र अनिवार्य तथा निःशुल्क शिक्षा कोषको स्थापना गर्ने। नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार संस्था समेतको समन्वयमा स्थानीय तहका लागि आवश्यक स्रोतव्यवस्थापनमा सहयोग गर्ने ।

८) **विशेष अभियान सञ्चालन गर्नेः** अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चितताको लागि स्थानीय तहभित्रका सबै वडा कार्यालयहरूबाट विशेष अभियान सञ्चालन गर्ने। यसका लागि स्थानीय तहभित्रका मौलिक उपायहरू अवलम्वन गर्न प्रोत्साहन गरिने ।

९) **साक्षरता कार्यक्रम सञ्चालन गर्नेः** स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउनको लागि साक्षरताका कार्यक्रमहरु सञ्चालन गर्ने।

१०) **समुदाय परिचालन र अभिभावक सहयोगलाइ व्यवस्थित बनाउनेः** आधारभुत शिक्षा लिन वा दिन थप सहयोग आवश्यक पर्ने सीमान्तीकृत, अपाङ्गता भएका वा स्थानीय तहले पहिचान गरेका अन्य लक्षित वालवालिकाको पहिचान गर्ने र आवश्यकतामा आधारित सहयोग उपलब्ध गराउने सयन्त्र विकास गर्ने।

११) **राष्ट्रिय योग्यता प्रारुपको कानुन तर्जुमा गर्नेः** औपचारिक, अनौपचारिक वा अरितिक माध्यमवाट सिकेको ज्ञान, सीप, अनुभव तथा दक्षतालाई पूर्व सिकाइको मान्यता विधिबाट परीक्षण गरी योग्यताको समकक्षता, गतिशिलता र पारगम्यताको सुनिश्चित गर्नको लागि राष्ट्रिय योग्यता प्रारुप सम्वन्धि कानुन तर्जुमा, कार्यान्वयन कार्यविधि विकास गर्ने।

१२) **लक्षित तथा प्रोत्साहनमूलक कार्यक्रम (विविधता, अपाङ्गता, आर्थिक रुपले विपन्न, सिमान्तकृत) सञ्चालन गर्नेः** बालबालिकाको वास्तविक अवस्था पहिचान गरी आवश्यकताको आधारमा लक्षित तथा प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने (आवश्यकता परेमा Opportunity Cost समेतको व्यवस्था गर्ने), पाठ्यक्रमलाई अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक अनुकूलन गर्ने, दृष्टिविहिन बालबालिकाको लागि ब्रेललिपि र बहिरा र स्वर वा बोलाइ सम्वन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाका माध्यमबाट शिक्षा प्राप्त गर्ने पाउने कुराको सुनिश्चितता गर्ने र बालबालिकाहरुको लागि राज्यबाट प्रदान गरिदै आएका प्रोत्साहनमूलक कार्यक्रम जस्तैः समयमै पाठ्यपुस्तकको प्राप्ति, आवश्यक शैक्षिक सामग्री, सेनेटरी प्याड, छात्रवृत्ति तथा स्वस्थ्यकर, पौष्टिक र शुद्ध दिवाखाजा प्राप्तिको सुनिश्चितता गर्ने।

१३) **सबै प्रकारका समितिलाई क्रियाशील बनाउनेः** संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्वन्ध) ऐन २०७७ मा व्यवस्था भएको विषय समिति, नियमावलीले व्यवस्था गरेको संघीय अनुगमन समिति, स्थानीय तहमा रहने शिक्षा समिति एवम् विद्यालय व्यवस्थापन समिति लगायतका सबै समितिहरुलाई क्रियाशील बनाउने।

१४) **साझेदारी, समन्वय वा सहकार्य गर्न सकिनेः** विद्यालय व्यवस्थापनमा सुधार, गुणस्तरयुक्त शिक्षाको विकास, विद्यार्थीको सिकाइ अभिवृद्धि सम्वन्धी कार्यमा विद्यालय तथा प्रचलित कानुन बमोजिम सञ्चालनमा रहेका गैरसरकारी संस्था र स्थानीय तहबीच पारस्पारिक साझेदारी वा सहकार्य गर्न सकिने।

१५) **अनुगमन सूचक तयार गर्नेः** अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन भए नभएको यकीन गर्न नियमावलीको नियम १७ को उपनियम २ ले गरेको व्यवस्था बमोजिम अनुगमन सूचक विकास गरी अनुगमन, तथ्याङ्क व्यवस्थापन र प्रतिवेदनलाई प्रभावकारी बनाउने ।

## ५. प्रमुख कार्यहरू

१. तथ्याङ्कीय विवरण अद्यावधिक गर्ने

- प्रत्येक स्थानीय तहभित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँचको अवस्था एकिन गर्ने
- विद्यालय बाहिर रहेका बालबालिका, आधारभुत तह पुरा नगरेका जनसङ्ख्याको विवरण तयार गर्ने
- आफ्नो स्थानीय तहभित्र प्रयोग हुने भाषा र ती भाषालाइ मातृभाषाको रूपमा प्रयोग गर्ने उमेरगत जनसङ्ख्याको विवरण तयार गर्ने

२. नीतिगत तथा कानुनी प्रवन्ध गर्ने

- अनिवार्य शिक्षाको लागि संघ, प्रदेश र स्थानीय तहको कार्य क्षेत्र र जिम्मेवारी स्पष्ट गर्ने
- अनौपचारीक तवरबाट सिकेको ज्ञान र सीपलाइ औपचारिक शिक्षाको समकक्षी हुने नीतिगत व्यवस्था सहित आधार तयार गर्ने
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन तथा नियमावलीको बारेमा सरोकारवालाई प्रबोधीकरण गर्ने
- विद्यालय सञ्चालन र व्यवस्थापन सम्वन्धी मापदण्ड बनाउने

३. विद्यालय नक्साङ्कन गर्ने,

- भुगोल र जनसङ्ख्याको आधारमा प्रकार सहितको विद्यालय संख्या एकिन गर्ने
- समायोजन गर्नुपर्ने विद्यालय समायोजन गर्ने, नयाँ स्थानमा आवश्यक परेमा मात्र विद्यालय स्थापना गर्ने
- विद्यालयको सेवाक्षेत्र निर्धारण गर्ने
- विद्यालयमा न्युनतम सुविधाको सुनिश्चितता गर्ने र क्रमशः सुविधा बढाउदै लैजाने

४. स्थानीय तहको शिक्षा योजना निर्माण/अद्यावधिक गर्ने

- सबैलाइ आधारभुत तहको सुनिश्चितता सहितको स्थानीय तहको शिक्षा योजना निर्माण/अद्यावधिक गर्ने
- पहिचान गरे बमोजिम स्थानीय तहभित्र आवश्यक देखिएका विद्यालय वा वैकल्पिक, अनौपचारिक, परम्परागत शिक्षाका सिकाइ अवसर सिर्जनाका लागि आवश्यक संस्थागत प्रवन्ध मिलाउने।
- योजना कार्यान्वयनमा सबैको सहभागिता/अपनत्व सुनिश्चित गर्ने
- वित्तीय स्रोतको लागि, संघीय स्रोतको अलावा स्थानीय स्रोत परिचालन, विभिन्न संघसंस्थाहरूसङ्ग साझेदारी गर्ने
- प्रत्येक विद्यालयमा आवधिक रूपमा विद्यालय सुधार योजना निर्माण/अध्यावधिक गर्ने

५. वित्तीय स्रोतको व्यवस्था र परिचालन गर्ने

- शिक्षा क्षेत्रमा संघीय सरकारबाट विनियोजन भएको बजेटमा वृद्धि गर्ने
- स्थानीय सरकार, प्रदेश सरकारबाट पनि शिक्षामा निश्चित स्रोत विनियोजन गर्ने व्यवस्था गर्ने
- बाह्य क्षेत्र, बिभिन्न संघसंस्थाबाट प्राप्त हुने स्रोतलाइ एकिकृत गरी परिचालन गर्ने
- उपलव्ध स्रोतको समतापुर्ण वितरण गर्ने

६. विद्यार्थी सहायता प्रणालीलाइ प्रभावकारी बनाउने

- समयमा नै निशुल्क पाठ्यपुस्तक उपलव्ध गराउने
- अपाङ्ग, विपन्न, जेहन्दार लगायतका छात्रवृतिलाइ दोहोरो नपर्ने गरी उपलव्ध गराउने र छात्रवृतिको प्रभावकारी उपयोगको गर्ने व्यवस्था गर्ने
- विद्यालय दीवाखाजाको प्रवन्ध गर्ने, दीवा खाजामा स्थानीय उत्पादन प्रयोग गर्ने व्यवस्था मिलाउने

मस्यौदा-सुझावको लागि

- छात्राहरूको लागि स्यानीटरी प्याडको प्रवन्ध गर्ने
- विद्यालयहरूमा प्राथमिक स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने

७. विद्यालयको पुर्वाधार विकास गर्ने

- विद्यालयको तह, प्रकार, विद्यार्थी संख्याको आधारमा विद्यालय भवन कक्षाकोठा, फर्निचरको व्यवस्था गर्ने
- स्वच्छ पिउनेपानी, पानी सहितको पर्याप्त शौचालय (छात्राहरूको लागि डिस्पोजल सुविधा सहितको अलग शौचालय) को व्यवस्था गर्ने
- धेरावार सहितको सुरक्षित विद्यालय हाताको निर्माण गर्ने
- विद्यालयमा ल्याव, प्रविधि लगायतको व्यवस्था गर्ने

८. वैकल्पिक शिक्षाको प्रवन्ध गर्ने

- विद्यालय जान नपाएका, विद्यालय गएर पनि बिचैमा विद्यालय छाडेका सिकारूहरुको लागि अनौपचारिक वैकल्पिक कक्षा सञ्चालन गर्ने
- निरक्षरहरुका लागि साक्षरताका कक्षाहरू सञ्चालन गर्ने
- परमपरागत शिक्षा प्रणालीबाट सिकेका ज्ञान सीपलाइ औपचारिक पद्धतीसरह हुनेगरी योग्यता प्रणाली अवलम्वन गर्ने
- प्रविधिको प्रयोग मार्फत पनि सिकाइ क्रियाकलाप सञ्चालन व्यवस्था गर्ने

९. पाठ्यक्रम पाठ्यपुस्तका परिमार्जन र सुधार गर्ने

- सबै बालबालिकाको लागि उपयोगी हुने समावेशी पाठ्यक्रमको विकास गर्ने
- पाठ्यक्रम पाठ्यपुस्तमा जीवनोपयोगी सीप प्रवर्द्धन गर्ने विषयहरू समावेश गर्ने
- मानवमुल्य शिक्षाका विषयहरू समावेश गर्ने
- मातृभाषामा पाठ्यक्रम र पाठ्यपुस्तक विकास गरी आधारभुत तहको शिक्षा मातृभाषामा दिने व्यवस्था गर्ने

१०. शिक्षक व्यवस्थापन

- शिक्षक विद्यार्थी अनुपात, विद्यालयको किसिम र विषयका आधारमा शिक्षक दरवन्दी मिलान गर्ने
- आवश्यक पर्ने भएका थप शिक्षक नियुक्त गर्ने
- शिक्षक तालिम आयोजना गरी शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्ने
- शिक्षण प्रति उत्प्रेरित गराइराख्न शिक्षकलाइ प्रवट्टसाहन सहितका सुविधाहरू उपलव्ध गराउने

११. अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने

- अभिभावक र विद्यालय बिचको सम्बन्ध सुदृढ गर्नको लागि शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति गठन गर्ने
- अभिभावक भेला, अभिभावक जागरण अभियान सञ्चालन गर्ने र शिक्षाको महत्व र आधारभुत शिक्षा अनिवार्य हासिल गर्नुपर्ने विषयको बोध गराउने
- अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने
- अभिभावक तथा समुदायको संलग्नतामा वृद्धि गर्न खालका कार्यक्रम कार्यान्वयन गर्ने

१२. नेतृत्व र व्यवस्थापन

- विद्यालयमा अलग प्रधानाध्यापक व्यवस्था गर्ने

- प्रधानाध्यापकलाइ शैक्षिक नेतृत्वको पुर्ण जिम्मेवारी प्रदान गर्ने र उपलव्धीसंग आवद्ध गराएर आवधिक करार सम्झौता गर्ने
- व्यवस्थापकीय नेतृत्व विद्यालय व्यवस्थापन समितिले लिने व्यवस्था गर्ने
- नेतृत्व विकासको लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने

१३. विद्यालय व्यवस्थापनमा सुधार गर्ने

- विद्यालयलाइ सबै पक्षबाट सुरक्षित राख्ने व्यवस्था गर्ने (विपद, महामारी, आपत्कालिन अवस्था लगायत)
- विना भेदभाव सबैको समान सहभागिताको सुनिश्चित गर्ने
- यौनजन्य हिंसा, लैङ्गिक विभेद, हेपाइबाट विद्यार्थीहरू सुरक्षित रहने व्यवस्था गर्ने
- विद्यालय वातावरणलाइ विद्यार्थीमैत्री बनाउने

१४. अनुगमन मूल्याङ्कन प्रणाली विकास गर्ने

- शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाइ सुदृढ गर्ने र सबैले प्रयोग गर्ने बनाउने
- अनिवार्य शिक्षा सम्बन्धी अनुगमन सूचक विकास गर्ने र त्यसको आधारमा प्रतिवेदन बुझाउने व्यवस्था गर्ने
- कार्यक्रम कार्यान्वयन सम्बन्धमा नियमित अनुगमन मुल्याङ्कन गरी पृष्ठपोक्षणको आधारमा सुधारको व्यवस्था गर्ने
- यौनजन्य हिंसा, लैङ्गिक विभेद, हेपाइबाट विद्यार्थीहरू सुरक्षित भए नभएको अनुगमन गर्ने व्यवस्था गर्ने
- विद्यालय जाने उमेरका सबै बालबालिकाको जन्म दर्तालाई राष्ट्रिय परिचयपत्रसंग आवद्ध गर्ने र राष्ट्रिय परिचयपत्रलाई शैक्षिक व्यवस्थापन सूचना प्रणालीसँग आवद्ध गर्ने।

१५. साझेदारीको ढाँचा विकास र शिक्षा कोषको स्थापना

- अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि तीनै तहका सरकारको जिम्मेवारी सहितको लागत साझे
- दारीको ढाँचा विकास गर्ने
- संघ, प्रदेश तथा स्थानीय सरकार, गैरसरकारी संस्था एवम् संस्थागत वा व्यक्तिगत चन्दादाताबाट प्राप्त रकम जम्मा गर्न सकिने गरी स्थानीय तहमा एक कोष स्थापना गर्ने ।
- शिक्षा सम्बद्ध सरोकारवालाहरूसङ्ग समन्वय गर्ने संयन्त्र विकास गर्ने

## ६. कार्ययोजना खाका

| क्रसं | मुख्य रणनीति | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्कीय विवरण अद्यावधिक गर्ने | • प्रत्येक स्थानीय तहभित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँचको अवस्था एकिन गर्ने, | स्थानीय तह | २०८१ मसिर भित्र | विद्यालय स्तरीय तथ्याङ्क विवरण अद्यावधिक हुने। |
| | | • विद्यालय बाहिर रहेका वालवालिका, आधारभुत तह पुरा नगरेका जनसङ्ख्याको विवरण तयार गर्ने, | स्थानीय तह | २०८२ मसिर भित्र | |

| क्रसं | मुख्य रणनीति | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | • आफ्नो स्थानीय तहभित्र प्रयोग हुने भाषा र ती भाषालाइ मातृभाषाको रूपमा प्रयोग गर्ने उमेरगत जनसङ्ख्याको विवरण तयार गर्ने, | स्थानीय तह | २०८२ माघ भित्र | |
| २ | नीतिगत तथा कानुनी प्रवन्ध गर्ने | • अनिवार्य शिक्षाको लागि संघ, प्रदेश र स्थानीय तहको कार्य क्षेत्र र जिम्मेवारी स्पष्ट गर्ने | शिविप्र मन्त्रालय | २०८१ माघ भित्र | आवश्यक नीतिको व्यवस्थापन सहित सरोकारवालाई प्रबोधीकरण हुने। |
| | | • अनौपचारीक तथा अनियमित रुपमा सिकेको ज्ञान र सीपलाइ औपचारिक शिक्षाको समकक्षी हुने नीतिगत व्यवस्था सहित आधार तयार गर्ने | शिविप्र मन्त्रालय | २०८२ वैशाख | |
| | | • अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन तथा नियमावलीको बारेमा सरोकारवालाई प्रबोधीकरण गर्ने, | स्थानीय तह | २०८२ असार भित्र | |
| | | • विद्यालय सञ्चालन र व्यवस्थापन सम्वन्धी मापदण्ड बनाउने, | शिविप्र मन्त्रालय | २०८१ माघ भित्र | |
| ३ | विद्यालय नक्साङ्कन गर्ने। | • भुगोल र जनसङ्ख्याको आधारमा प्रकार सहितको विद्यालय संख्या एकिन गर्ने, | स्थानीय तह | २०८१ चैत्रभित्र | स्थानीय तहभित्र विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन भएको हुनेछ। |
| | | • समायोजन गर्नुपर्ने विद्यालय समायोजन गर्ने, नयाँ स्थानमा आवश्यक परेमा मात्र विद्यालय स्थापना गर्ने, | स्थानीय तह | २०८१ चैत्रभित्र | |
| | | • विद्यालयको सेवाक्षेत्र निर्धारण गर्ने, | स्थानीय तह | २०८१ चैत्रभित्र | |
| | | • विद्यालयमा न्युनतम सुविधाको सुनिश्चितता गर्ने र क्रमशः सुविधा बढाउदै लैजाने, | संघ, स्थानीय तह | निरन्तर | |
| ४ | स्थानीय तहको शिक्षा योजना निर्माण/अद्यावधिक गर्ने | • सबैलाइ आधारभुत तहको सुनिश्चितता सहितको स्थानीय तहको शिक्षा योजना निर्माण/अद्यावधिक गर्ने | स्थानीय तह | २०८१ चैत्रभित्र | स्थानीय तहको शिक्षा योजना निर्माण तथा अद्यावधिक भएको |

मस्यौदा-सुझावको लागि

| क्रसं | मुख्य रणनीति | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | • पहिचान गरे बमोजिम स्थानीय तहभित्र आवश्यक देखिएका विद्यालय वा वैकल्पिक, अनौपचारिक,परम्परागत शिक्षाका सिकाइ अवसर सिर्जनाका लागि आवश्यक संस्थागत प्रवन्ध मिलाउने। | स्थानीय तह | २०८२ असारभित्र | हुनेछ। |
| | | • योजना कार्यान्वयनमा सबैको सहभागिता/अपनत्व सुनिश्चित गर्ने | स्थानीय तह | निरन्तर | |
| | | • वित्तीय स्रोतको लागि, संघीय स्रोतको अलावा स्थानीय स्रोत परिचालन, विभिन्न संघसंस्थाहरूसङ्ग साझेदारी गर्ने | स्थानीय तह | निरन्तर | |
| | | • प्रत्येक विद्यालयमा आवधिक रूपमा विद्यालय सुधार योजना निर्माण/अध्यावधिक गर्ने | विद्यालय | निरन्तर | |
| ५ | वित्तीय स्रोतको व्यवस्था र परिचालन गर्ने | • शिक्षा क्षेत्रमा संघीय सरकारबाट विनियोजन भएको बजेटमा वृद्धि गर्ने | संघीय तह | | स्थानीय तहको शिक्षा योजना निर्माण तथा अद्यावधिक भएको हुनेछ। |
| | | • स्थानीय सरकार, प्रदेश सरकारबाट पनि शिक्षामा निश्चित स्रोत विनियोजन गर्ने व्यवस्था गर्ने | तीनै तह | प्रत्येक वर्ष | |
| | | • बाह्य क्षेत्र, बिभिन्न संघसंस्थाबाट प्राप्त हुने स्रोतलाइ एकिकृत गरी परिचालन गर्ने | तीनै तह | निरन्तर | |
| | | • उपलव्ध स्रोतको समतापुर्ण वितरण गर्ने | संघ र प्रदेश | | |
| ६ | विद्यार्थी सहायता प्रणालीलाइ प्रभावकारी बनाउने | • समयमा निशुल्क पाठ्यपुस्तक उपलव्ध गराउने | संघ | हरेक चैत्र मसान्त भित्र | प्रोत्साहनमूलक कार्यक्रमवाट विद्यार्थी लाभान्वयित हुनेछन। |
| | | • अपाङ्ग, विपन्न, जेहन्दार लगायतका छात्रवृतिलाइ दोहोरो नपर्ने गरी उपलव्ध गराउने र छात्रवृतिको प्रभावकारी | संघ, स्थानीय तह | निरन्तर | |

मस्यौदा-सुझावको लागि

| क्रसं | मुख्य रणनीति | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | उपयोगको गर्ने व्यवस्था गर्ने | | | |
| | | • विद्यालय दिवा खाजाको प्रवन्ध गर्ने, दिवा खाजामा स्थानीय उत्पादन प्रयोग गर्ने व्यवस्था मिलाउने | स्थानीय तह | निरन्तर | |
| | | • छात्राहरूको लागि स्यानीटरी प्याडको प्रवन्ध गर्ने | स्थानीय तह | निरन्तर | |
| | | • विद्यालयहरूमा प्राथमिक स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने | स्थानीय तह | निरन्तर | |
| ७ | विद्यालयको पुर्वाधार विकास गर्ने | • विद्यालयको तह, प्रकार, विद्यार्थी संख्याको आधारमा विद्यालय भवन कक्षाकोठा, फर्निचरको व्यवस्था गर्ने | संघ, प्रदेश, स्थानीय | निरन्तर | विद्यालय पूर्वाधार विकास हुनेछ। |
| | | • स्वच्छ पिउनेपानी, पानी सहितको पर्याप्त शौचालय (छात्राहरूको लागि डिस्पोजल सुविधा सहितको अलग शौचालय) को व्यवस्था गर्ने | स्थानीय तह | निरन्तर | |
| | | • घेरावार सहितको सुरक्षित विद्यालय हाताको निर्माण गर्ने | स्थानीय तह, विद्यालय | निरन्तर | |
| | | • विद्यालयमा ल्याव, प्रविधि लगायतकोको व्यवस्था गर्ने | स्थानीय तह, विद्यालय | निरन्तर | |
| ८ | बैकल्पिक शिक्षाको व्यवस्था मिलाउने। | • विद्यालय जान नपाएका, विद्यालय गएर पनि बिचैमा विद्यालय छाडेका सिकारूहरुको लागि अनौपचारिक वैकल्पिक कक्षा सञ्चालन गर्ने | स्थानीय तह | निरन्तर | विद्यालयमा पुरा समय अध्ययन गर्न नपाउने बालबालिकाले बैकल्पिक माध्यमबाट शिक्षा प्राप्त गर्नेछन। |
| | | • निरक्षरहरुका लागि साक्षरताका कक्षाहरू सञ्चालन गर्ने | स्थानीय तह | प्रत्येक वर्ष | |

मस्यौदा-सुझावको लागि

| क्रसं | मुख्य रणनीति | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | • परम्परागत शिक्षा प्रणालीबाट सिकेका ज्ञान सीपलाइ औपचारिक पद्धतीसरह हुनेगरी योग्यता प्रणाली अवलम्वन गर्ने | स्थानीय तह | निरन्तर | |
| | | • प्रविधिको प्रयोग मार्फत पनि सिकाइ क्रियाकलाप सञ्चालन व्यवस्था गर्ने | स्थानीय तह | निरन्तर | |
| ९ | पाठ्यक्रम पाठ्यपुस्तका परिमार्जन र सुधार गर्ने | • सबै बालबालिकाको लागि उपयोगी हुने समावेशी पाठ्यक्रमको विकास गर्ने | पाविके | २०८३ असार मसान्त भित्र | पाठ्यक्रम र पाठ्यपुस्तकमा आवश्यकता अनुसार परिमार्जन र सुधार हुनेछ। |
| | | • पाठ्यक्रम पाठ्यपुस्तमा जीवनोपयोगी सीप प्रवर्द्धन गर्ने विषयहरू समावेश गर्ने | पाविके | २०८३ असार मसान्त भित्र | |
| | | • मानवमुल्य शिक्षाका विषयहरू समावेश गर्ने | पाविके | २०८३ असार मसान्त भित्र | |
| | | • मातृभाषामा पाठ्यक्रम र पाठ्यपुस्तक विकास गरी आधारभुत तहको शिक्षा मातृभाषामा दिने व्यवस्था गर्ने | पाविके | २०८२ चैत्रभित्र | |
| १० | शिक्षक व्यवस्थापन | • शिक्षक विद्यार्थी अनुपात, विद्यालयको किसिम र विषयका आधारमा शिक्षक दरवन्दी मिलान गर्ने | संघ, स्थानीय तह | २०८२ चैत्रभित्र | कक्षागत र विषयगत रुपमा शिक्षक व्यवस्थापन भै शिक्षण सिकाइमा सुधार हुनेछ। |
| | | • आवश्यक पर्ने भएका थप शिक्षक नियुक्त गर्ने | स्थानीय तह | २०८२ चैत्रभित्र | |
| | | • शिक्षक तालिम आयोजना गरी शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्ने | प्रदेश, स्थानीय | नियमित | |
| | | • शिक्षण प्रति उत्प्रेरित गराइराख्न शिक्षकलाइ प्रोत्साहन सहितका सुविधाहरू उपलव्ध गराउने | संघ, स्थानीय तह | नियमित | |
| ११ | अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने | • अभिभावक र विद्यालय बिचको सम्बन्ध सुदृढ गर्नको लागि शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति गठन गर्ने | विद्यालय | २०८१ चैत्र मसान्तभित्र | अभिभावक सचेतनामा वृद्धि हुनेछ। |

मस्यौदा-सुझावको लागि

| क्रसं | मुख्य रणनीति | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | • अभिभावक भेला, अभिभावक जागरण अभियान सञ्चालन गर्ने र शिक्षाको महत्व र आधारभुत शिक्षा अनिवार्य हासिल गर्नुपर्ने विषयको बोध गराउने | विद्यालय | निरन्तर | |
| | | • अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने | विद्यालय | निरन्तर | |
| | | • अभिभावक तथा समुदायको संलग्नतामा वृद्धि गर्न खालका कार्यक्रम कार्यान्वयन गर्ने | विद्यालय | निरन्तर | |
| १२ | नेतृत्व र व्यवस्थापन | • विद्यालयमा अलग प्रधानाध्यापक व्यवस्था गर्ने | स्थानीय | २०८३ असार मसान्त भित्र | शिक्षक नेतृत्व क्षमतामा विकास भै विद्यालय व्यवस्थापनमा सुधार हुनेछ। |
| | | • प्रधानाध्यापकलाइ शैक्षिक नेतृत्वको पुर्ण जिम्मेवारी प्रदान गर्ने र उपलव्धीसंग आवद्ध गराएर आवधिक करार सम्झौता गर्ने | स्थानीय | प्रत्येक वर्ष | |
| | | • व्यवस्थापकीय नेतृत्व विद्यालय व्यवस्थापन समितिले लिने व्यवस्था गर्ने | स्थानीय | निरन्तर | |
| | | • नेतृत्व विकासको लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने | स्थानीय | निरन्तर | |
| १३ | विद्यालय व्यवस्थापनमा सुधार गर्ने | • विद्यालयलाइ सबै पक्षबाट सुरक्षित राख्ने व्यवस्था गर्ने (विपद, महामारी, आपत्कालिन अवस्था लगायत) | विद्यालय | नियमित | विद्यालय व्यवस्थापनमा सुधार आएको हुनेछ। |
| | | • विना भेदभाव सबैको समान सहभागिताको सुनिश्चित गर्ने | विद्यालय | नियमित | |
| | | • यौनजन्य हिंसा, लैङ्गिक विभेद, हेपाइबाट विद्यार्थीहरू सुरक्षित रहने व्यवस्था गर्ने | विद्यालय | नियमित | |
| | | • विद्यालय वातावरणलाइ विद्यार्थीमैत्री बनाउने | विद्यालय | नियमित | |

मस्यौदा-सुझावको लागि

| क्रसं | मुख्य रणनीति | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १४ | अनुगमन मूल्याङ्कन प्रणाली विकास गर्ने | • शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाइ सुदृढ गर्ने र सबैले प्रयोग गर्ने बनाउने | संघ, स्थानीय तह | २०८२ असार मसान्त भित्र | नतिजमा आधारित अनुगमन प्रणालीको विकास भएको हुनेछ। |
| | | • अनिवार्य शिक्षा सम्बन्धी अनुगमन सूचक विकास गर्ने र त्यसको आधारमा प्रतिवेदन बुझाउने व्यवस्था गर्ने | संघ, स्थानीय तह | हरेक वर्ष | |
| | | • कार्यक्रम कार्यान्वयन सम्बन्धमा नियमित अनुगमन मुल्याङ्कन गरी पृष्ठपोक्षणको आधारमा सुधारको व्यवस्था गर्ने | संघ, स्थानीय तह | नियमित | |
| | | • विद्यालय जाने उमेरका सबै बालबालिकाको जन्म दर्तालाई राष्ट्रिय परिचयपत्रसंग आवद्ध गर्ने र राष्ट्रिय परिचयपत्रलाई शैक्षिक व्यवस्थापन सूचना प्रणालीसँग आवद्ध गर्ने। | संघ, स्थानीय तह | २०८२ चैत्र मसान्तसम्म | |
| | | • यौनजन्य हिंसा, लैङ्गिक विभेद, हेपाइबाट विद्यार्थीहरू सुरक्षित भए नभएको अनुगमन गर्ने व्यवस्था गर्ने | स्थानीय तह | नियमित | |
| १५ | साझेदारीको ढाँचा विकास र शिक्षा कोषको स्थापना | • अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि तीनै तहका सरकारको जिम्मेवारी सहितको लागत साझेदारीको ढाँचा विकास गर्ने | शिविप्र मन्त्रालय | २०८१ चैत्रभित्र | लागत सहभागिताको ढाँचा तयार भएको हुने । |
| | | • संघ, प्रदेश तथा स्थानीय सरकार, गैरसरकारी संस्था एवम् संस्थागत वा व्यक्तिगत चन्दादाताबाट प्राप्त रकम जम्मा गर्न सकिने गरी स्थानीय तहमा एक कोष स्थापना गर्ने । | स्थानीय तह | २०८२ सालभित्र | आवश्यक अनुसारका कार्यक्रम सञ्चालनका लागि स्रोत सुनिश्चित भएको हुने |

मस्यौदा-सुझावको लागि

## अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयका लागि आवश्यक क्रियाकलाप अनुमानित वजेट

वजेट रु हजारमा

| क्र स | क्रियाकलाप | इकाइ | लक्ष्य | इकाइ लागत | वजेट | कैफयत | |
|---|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्कीय विवरण अद्यावधिक | सवै तहका सरकार | ७६१ | १०० | ७६१०० | नियमित | |
| २ | भुगोल र जनसङ्ख्याको आधारमा विद्यालय नक्साङ्कन | स्थानीय तह | ७५३ | २०० | १५०६०० | पटके | |
| ३ | विद्यालय समायोजन तथा आवश्यकताका आधारमा विद्यालय स्थापना | विद्यालय | १५०० | १०००० | १५००००० | पटके | |
| ४ | विद्यालयमा न्युनतम सुविधाको सुनिश्चितता | विद्यालय | ३५००० | १००० | ३५०००००० | पटके | |
| ५ | स्थानीय तहको शिक्षा योजना निर्माण/अद्यावधिक | स्थानीय तह | ७५३ | १००० | ७५३००० | पटके | |
| ६ | विद्यालय वा वैकल्पिक, अनौपचारिक,परम्परागत शिक्षाका सिकाइ अवसर सिर्जनाका लागि आवश्यक संस्थागत प्रवन्ध | विद्यार्थी | ६००००० | १ | ६००००० | नियमित | |
| ७ | विद्यालय सुधार योजना निर्माण/अध्यावधिक | विद्यालय | ३५००० | २० | ७००००० | नियमित | |
| ८ | निशुल्क पाठ्यपुस्तक | विद्यार्थी | ७०००००० | १ | ७०००००० | नियमित | |
| ९ | अपाङ्ग, विपन्न, जेहन्दार लगायतका छात्रवृति | विद्यार्थी | ३५०००० | २० | ७०००००० | नियमित | जम्मा विद्यार्थी को २ प्रतिशत |
| १० | विद्यालयमा दिवा खाजाको प्रवन्ध | विद्यार्थी | ५५००००० | ५ | २७५०००००० | नियमित | आधारभुत तह |
| ११ | छात्राहरूको लागि स्यानीटरी प्याडको प्रवन्ध | विद्यार्थी | १५००००० | १.५ | २२५०००० | नियमित | |
| १२ | विद्यालयहरूमा प्राथमिक स्वास्थ्य सेवाको प्रवन्ध | विद्यालय | ३५००० | ५० | १७५०००० | नियमित | |

मस्यौदा-सुझावको लागि

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | विद्यालय भवन कक्षाकोठा, फर्निचरको व्यवस्था | कक्षाकोठा | ५०००० | ५०० | २५०००००० | पटके | |
| १४ | स्वच्छ पिउनेपानी, पानी सहितको पर्याप्त शौचालय (छात्राहरूको लागि डिस्पोजल सुविधा सहितको अलग शौचालय) को व्यवस्था | विद्यालय | १०००० | १००० | १००००००० | पटके | आधा विद्यालयमा |
| १५ | घेरावार सहितको सुरक्षित विद्यालय हाताको निर्माण | विद्यालय | १०००० | ५०० | ५०००००० | पटके | |
| १६ | विद्यालयमा ल्याव, प्रविधि लगायतकोको व्यवस्था | विद्यालय | १०००० | २००० | २००००००० | पटके | |
| १७ | विद्यालय जान नपाएका, विद्यालय गएर पनि बिचैमा विद्यालय छाडेका सिकारूहरुको लागि अनौपचारिक वैकल्पिक कक्षा | विद्यार्थी | ६००००० | २० | १२०००००० | पटके | |
| १८ | निरक्षरहरुका लागि साक्षरताका कक्षाहरू सञ्चालन | जना | ५००००० | १ | ५००००० | पटके | |
| १९ | प्रविधिको प्रयोग मार्फत पनि सिकाइ क्रियाकलाप सञ्चालन | कक्षा | १०००० | १० | १००००० | नियमित | |
| २० | समावेशी पाठ्यक्रमको विकास | संख्या | ५० | २०० | १०००० | पटके | |
| २१ | मातृभाषामा पाठ्यक्रम र पाठ्यपुस्तक विकास | संख्या | ५० | ५०० | २५००० | पटके | |
| २२ | दरवन्दी मिलानका आधारमा आवश्यक थप शिक्षक व्षवस्थापन | शिक्षक | ५०००० | ५०० | २५०००००० | नियमित | |
| २३ | शिक्षकको पेशागत दक्षता अभिवृद्धि | शिक्षक | ५०००० | १० | ५००००० | नियमित | |
| २४ | शिक्षकलाइ प्रोत्साहन सहितका सुविधाहरू | शिक्षक | १६०००० | ५० | ८०००००० | नियमित | |
| २५ | अभिभावक भेला, अभिभावक जागरण अभियान सञ्चालन | कक्षा | १०००० | १० | १००००० | नियमित | |
| २६ | विद्यालयमा अलग प्रधानाध्यापक | शिक्षक | ३५००० | ५०० | १७५००००० | नियमित | |

मस्यौदा-सुझावको लागि

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यवस्था | | | | | |
| २७ | विद्यालयलाइ सबै पक्षबाट सुरक्षित राख्ने व्यवस्था गर्ने (विपद, महामारी, आपत्कालिन अवस्था लगायत) | विद्यालय | २८००० | ५० | १४००००० | नियमित |

मस्यौदा-सुझावको लागि